# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
## BHARATPUR METROPOLITAN CITY
## Municipal Executive Office
Bharatpur, Chitwan

प.सं. २०७३/०७४ प्र.शा. मितिः २०७३/१२/३

च.नं. ६८९

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषयः वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर महानगरपालिकाको मिति २०७३/११/२७, ३० र २०७३/१२/२ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँ प्रति पाना ३ (तीन) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थः**
श्री सूचना शाखा,
भ.म.पा.कार्यालय । (उक्त निर्णय म.पा. को वेभ साईडमा राख्नु हुन)

....................
**महेश बराल**
**कार्यकारी अधिकृत**

कार्यकारी अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

आज मिति २०७३ साल फाल्गुण २८ गते शुक्रबारका दिन यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

कार्यकारी अधिकृत

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीका राम कडेल

ना.सु. श्री तेजराज खनाल

निर्णय नं. १

नेपालको संविधान, २०७२ को धारा २९५ बमोजिम स्थानीय तह गठन हुने क्रममा साविक भरतपुर उप-महानगरपालिकामा चित्रवन र नारायणी नगरपालिका तथा कविलास गा.वि.स. समावेश गरि मिति २०७३/११/२७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम भरतपुर महानगरपालिका घोषणा भएकोमा भरतपुरलाई महानगरपालिकाको रुपमा विकास गर्न सहयोग गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्, स्थानीय तहको क्षेत्र तथा सीमा निर्धारण आयोग, श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला प्राविधिक समिति, जिल्लाका क्रियाशिल राजनीतिक दलहरु, माननीय सांसदहरु, पूर्व जन प्रतिनिधिहरु, महानगर निर्माणमा क्रियाशिल अभियानकर्मीहरु, निजि क्षेत्र, संचार जगत, नागरिक समाज लागायत सबै महानगरबासीहरुलाई धन्यबाद दिने निर्णय गरियो ।

निर्णय नं. २

नेपालको आर्थिक राजधानीको रुपमा चितवन र भरतपुरलाई बिकास गर्ने मूल लक्ष्य र उद्देश्य लिई, भोलीको समृद्ध भरतपुरको कामना गरी तुलनात्मक लाभको रुपमा औद्योगीकीकरण, पर्यटन, सेवा उद्योग, बिशिष्टिकृत कृषि तथा काठमाडौं उपत्यकाको लागि आबश्यक सामाग्रीको उत्पादन केन्द्रको रुपमा भरतपुरलाई अगाडि लाने अठोटका साथ सबै सरोकारवालाहरुको साझा बुझाई, समझदारी, पहल तथा आबश्यकताको वकालत स्वरुप आज मुलुकका ४ महानगर मध्ये एक महानगर बन्न पुग्नु हामी सबैको लागि हर्षको बिषय हो । महानगरपालिकाको नेत्तृत्वमा भरतपुरको समग्र बिकासमा यहाँको निजि क्षेत्र, गैर सरकारी क्षेत्र, नागरिक समाज लगायत सबै क्षेत्र परिचालित हुने बिश्वास महानगरपालिकाले लिदै आजको यो सुःखद दिनमा सबै महानगरबासीहरुलाई घर घरमा दिपावली गर्न र आपसमा खुसी साटासाट गर्न आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस भरतपुर महानगरपालिका क्षेत्र भित्र वडा नं. १ देखि २९ सम्म वडा बिभाजन भई स्थानीय तह कार्य संचालन प्रारम्भ भएको सन्दर्भमा सबै वडा कार्यालयहरुबाट तत्काल सेवा सुचारु गर्ने निर्णय गरियो । यसै गरी भरतपुरले महानगरको रुपमा सेवा सुचारु गरेको जानकारी श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिहदरवार, काठमाडौं, जिल्ला प्रशासन कार्यालय, चितवन लगायतमा तत्काल पठाउने निर्णय गरियो ।

२०७३।११।२८

कार्यकारी अधिकृत

आज मिति २०७३ साल फाल्गुण ३० गते सोमबारका दिन बिहान ९.०० बजे यस भरतपुर - महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको - अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

कार्यकारी अधिकृत

आमन्त्रित

वरिष्ठ प्रशासकीय श्री टीकाराम ढकाल

ना.सु. श्री तेजराज रवाल

निर्णय नं. १

यस भरतपुर महानगरपालिकाको बिस्तारीत क्षेत्रमा नागरीकता, छात्रबृत्ति, अपाङ्ग, असहाय र औषधि-उपचारको लागि निवेदन तथा सिफारीस दस्तुर छुट दिने निर्णय गरियो ।

निर्णय नं. २

यस भरतपुर महानगरपालिकाको वडा नं. १ देखि २९ सम्मका सबै वडा कार्यालयबाट सेवा सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस भरतपुर महानगरपालिकाको वडा नं. ६ र १३, १७ र १९, १८ र २० तथा २७ र २८ मा संयुक्त वडा कार्यालय सचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस भरतपुर महानगरपालिकाका २५ नं. वडा कार्यालयका वडा सचिवबाट वडा नं. २१, २३, २४, २७ र २८ को अन्य सिफारिश, कार्यकारी अधिकृतबाट प्रत्यायोजित भए बमोजिम नक्सा, योजना तथा लेखा ब्यबस्थापन लगायत साविक नारायणी न.पा. बाट संचालित अन्य कार्यहरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस भरतपुर महानगरपालिकाको संयुक्त वडा कार्यालय १८ र २० का वडा सचिवबाट वडा नं. १७, १९ र २६ को अन्य सिफारिश, कार्यकारी अधिकृतबाट प्रत्यायोजित भए बमोजिम नक्सा, योजना तथा लेखा ब्यबस्थापन लगायत साविक चित्रवन न.पा. बाट संचालित अन्य कार्यहरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस भरतपुर महानगरपालिकाकाको १० नं. वडा कार्यालयमा अधिकृत स्तरको वडा सचिव खटाई उक्त वडा कार्यालयबाट वडा नं. १ देखि १६ तथा वडा नं. २२ को सम्पूर्ण सिफारिश सेवा प्रवाह गर्ने ब्यबस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस भरतपुर महानगरपालिकाकाको २९ नं. वडा कार्यालयबाट अन्य सिफारिश, कार्यकारी अधिकृतबाट प्रत्यायोजित भए बमोजिम योजना तथा लेखा ब्यबस्थापन लगायत साविक कविलाश गा.वि.स. बाट संचालित अन्य कार्यहरु गर्ने ब्यबस्था मिलाउने निर्णय गरियो । नक्साको हकमा महानगरपालिका कार्यालयबाट सेवा दिने निर्णय गरियो ।

निर्णय नं. ८

साविक भरतपुर उप-महानगरपालिका अर्न्तगत वडा कार्यालय गाभिएको तथा यसबाट सेवा प्रवाहलाई प्रभावित हुन नदिन हाललाई १ र ३ नम्वर वडाको हकमा साविककै १ नम्वर वडा कार्यालयलाई मुकाम तोक्ने, वडा नं. ५ र ६ को वडाको हकमा साविककै ५ नं. वडा कार्यालयलाई मुकाम तोक्ने, वडा नं. १३ र १४ को वडाको हकमा साविककै १३ नं. वडा कार्यालयलाई मुकाम तोक्ने निर्णय गरियो ।

२०७३/११/३०

कार्यकारी अधिकृत

आज मिति २०७३ साल चैत्र २ गते बुधवारका दिन विहान ९.०० बजे यस भरतपुर महानगरपालिकाको वोर्ड वैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश वरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

ना.सु. श्री सुरज राज पौडेल

ना.सु. श्री तेजराज रवनाल

निर्णय नं.१

यस भरतपुर उप-महानगरपालिका कार्यालयवाट आ.व. ०७३/०७४ को दोस्रो चौमासिकमा सम्पादन भएको समग्र सेवा प्रवाह र योजना तथा कार्यकम संचालन सम्वन्धमा मिति २०७३/११/२४ गते सम्पन्न दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यकमको प्रतिवेदन उपर यस भरतपुर महानगरपालिका वोर्ड वैठकमा छलफल गरियो । साथै सार्वजनिक सुनुवाई कार्यकममा उठेका गुनासो हरुलाई आगामि दिनमा कम हुनेगरि कार्यसम्पादन गदै जाने समेत निर्णय गरियों ।

२०७४।१२।२